# २०७५ साल भदौ २० गते बुधबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकोनं. ०१/२५/२०७५-०५-१९को विज्ञ वा सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गर्न बनेको मापदण्ड, २०७५ स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

  क) विज्ञ वा सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गर्न बनेको मापदण्ड, २०७५ को दफा ४ को उपदफा (१) को खण्ड (ज) पछि "तर कुनै सरकारी निकायको प्रमुख भै कम्तिमा पाँच वर्ष काम गरेको वा कुनै सार्वजनिक संस्थाको प्रमुख भै पाँच वर्ष काम गरेको व्यक्तिको हकमा खण्ड (क) लागु हुने छैन" भन्ने वाक्यांश थप्ने ।-

  ख) उपदफा (१) पछि देहायको उपदफा (२) थप गर्नेः "राजनीतिक सल्लाहकारको हकमाउपदफा (१) को खण्ड (क) र (ख) मा भएको व्यवस्थाका सम्बन्धमा प्रदेश सरकार मन्त्रिपरिषद्ले तोके बमोजिम हुनेछ ।-"

  ग) अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने ।-"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकोनं. ०१/२६/२०७५-०५-१९को हेलो मुख्यमन्त्री (Hello CM) कक्ष संचालन सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव -"प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

३. सामाजिक विकास मन्त्रालयकोनं. ०७/१४/२०७५-०५-१९ को प्रस्तुत सशर्त अनुदान तर्फको रकमको कार्यक्रम कार्यान्वयन गर्न कार्यालय तथा कार्यक्रमको नाम संशोधन गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

४. सामाजिक विकास मन्त्रालयकोनं. ०७/१५/२०७५-०५-१२ को शिक्षा विकास तथा समन्वय इकाइ र तिनिहरुको नाममा रहेको चल अचल सम्पत्ती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मातहत ल्याउन नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

५. सामाजिक विकास मन्त्रालयकोनं. ०७/१६/२०७५-०५-२० को १८ औं एसियाली खेलकुद प्रतियोगितामा (प्लाराग्लाइडिङ तर्फ) रजत पदक प्राप्त गर्ने संलग्न प्रस्तावमा उल्लेखित खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सम्मान गर्ने विषयको प्रस्ताव- "प्रस्तुत प्रस्तावमा देहाय बमोजिमको गर्नेः

  क) निर्णय हुनुपर्ने व्यहोराको बुँदा नं. ६ मा उल्लेखित सम्मान रकम खण्डमा भएको रु ३०,०००।–(अक्षरुपी तीस हजार मात्र) को सट्टा रु २५,०००।-(अक्षरुपी पच्चीस हजार मात्र) कायम गर्ने।–

  ख) अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने"।-

६. प्रदेश मन्त्रालय अन्तर्गतका स्वीकृत संगठन संरचनामा दरवन्दी अनुसारका कर्मचारी संघीय मन्त्रालयबाट खटिइ नआएको कारण कामकाजमा वाधा परेकोले अर्को व्यवस्था नहुँदासम्म सोही कार्यालयमा सेतो कागजमा हाजिरी गरी जिम्मेवारी नपाएका कर्मचारीहरुको सहयोग लिइ कामकाज गराउन गण्डकी प्रदेश सरकार मातहतका सवै मन्त्रालयहरुलाई निर्देशन दिने ।-

७. गण्डकी प्रदेश सरकारको प्रमुख सचिव भै आउनुभएका श्री लक्ष्मीराम पौडेललाई स्वागत गर्दै उहाँको कार्य सफलताको शुभकामना व्यक्त गर्ने ।-